गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :२०८३/८४

चलानी नं. : ९४६६

पोखरा,
नेपाल।

मितिः- २०८३।०८।०८

विषयः **E-Pension सेवा सञ्चालन सम्बन्धमा।**

श्री मन्त्रालय (सबै),
श्री गण्डकी प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्य न्यायधिवक्ताको कार्यालय,
श्री प्रेस रजिष्ट्रारको कार्यालय,
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २६९ मिति २०८३।०८।०४ को पत्रानुसार E-Pension सम्बन्धी कार्य सम्बन्धित कार्यालयबाटै अनलाइन प्रणालीमार्फत सञ्चलन हुने भनी लेखी आएकोले तहाँ मन्त्रालय/निकाय र मातहत कार्यालयलाई सेवा सञ्चालनको लागि आवश्यक User Credential उपलब्ध गराउनको लागि राष्ट्रिय किताबखाना (निजामती) मा आवश्यक विवरण पठाउने व्यवस्थाको लागि प्राप्त पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(अशोक गौतम)
प्रशासकीय अधिकृत

वोधार्थः

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर।

टेलिफोन नं : ०६१-४६७६८३, ४६७८५१, ४६७६६४ फ्याक्स: ०६१-४६७६६५ वेबसाइट:-ocmcm.gandaki.gov.np इमेल: ocmcm@gandaki.gov.np, ocmcm.gandaki@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(मानव संसाधन तथा सर्वेक्षारी कल्याण शाखा)
सिंहदरबार, काठमाडौं
फोन : ९७७-०१-४२११६६६

पत्र संख्याः २०८३/०८४
चलानी नं.: २६९

मितिः २०८३/०८/०४
ने.सं.: ११४७ कछलाथ्व दशमी

विषयः- उपत्यका बाहिरका कार्यालयहरुबाट E-pension सेवा सञ्चालन सम्बन्धमा ।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश),
श्री स्थानीय तहहरू (सबै),

प्रस्तुत विषयमा राष्ट्रिय किताबखानाको प.सं. २०८३/८४, च.नं. २२७, मिति २०८३/०७/२७ को पत्र (छायाप्रति संलग्न) अनुसार उपत्यका बाहिरका कार्यालयहरूको E-pension सम्बन्धी कार्य अब उप्रान्त सम्बन्धित कार्यालयबाटै अनलाइन प्रणालीमार्फत सञ्चालन हुने भनी लेखी आएको छ । उक्त सेवा सञ्चालनको लागि आवश्यक User Credential उपलब्ध गराउने प्रयोजनार्थ प्रशासन हेर्ने कर्मचारीको क.सं.नं., नाम, पद, Email ID र सम्पर्क नम्बर विभागको इमेल **it@pis.gov.np** मा पठाउनुहुन तथा किताबखानामा दर्ता नभएका कार्यालय (योजना/आयोजना) को हकमा तालुक विभाग वा मन्त्रालयबाटै उक्त सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन अनुरोध छ । E-pension सेवा लिने कर्मचारीको PIS विवरण अनिवार्य रूपमा अद्यावधिक गराउनुहुन र मातहतका निकाय तथा कार्यालयहरूमा सोही बमोजिम परिपत्र गरिदिनुहुन निर्णयानुसार अनुरोध छ।

२०८३/८/०६

अशर जि.सी.
शाखा अधिकृत

बोधार्थः
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर काठमाडौं। सबै कोष तथा लेखा नियन्त्रक कार्यालयमा जानकारी तथा आवश्यक कार्यार्थ पत्राचार गरिदिनुहुन।
श्री राष्ट्रिय किताबखाना, हरिहरभवन, ललितपुर।
श्री सूचना प्रविधि शाखा, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः वेबसाइटमा अपलोड गर्नुहुन ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं.: ५४०
दर्ता मितिः २०८३/०८/०६

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना

हरिहरभवन, ललितपुर

पत्र संख्या:-२०८३/८४
चलानी नं. :- 226

मितिः २०८३।०७।२७
नेपाल सम्वतः ११४७

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषयः परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा यस विभागबाट सम्पादन हुने निवृत्तभरण, उपदान, सञ्चित बिदा एवम् औषधी उपचार रकम किटानी र सिटरोलसम्बन्धी सेवाहरू मिति २०८३ कार्तिक १ गतेदेखि अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत सञ्चालनमा आएको बेहोरा विदितै छ। निवृत्तभरण सेवाका सन्दर्भमा हालसम्म उपत्यका बाहिरका कार्यालयहरूको हकमा जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुँदै आएको E-pension सम्बन्धी कार्य अब उप्रान्त सम्बन्धित कार्यालयबाटै सञ्चालन हुने भएकाले सोका लागि आवश्यक User Credential उपलब्ध गराउने प्रयोजनार्थ कार्यालयको प्रशासन हेर्ने सम्बन्धित कर्मचारीको क.सं.नं., नाम, पद, Email ID र सम्पर्क नम्बर विभागको इमेल ठेगाना it@pis.gov.np मा पठाउने व्यवस्थाका लागि तपसिल बमोजिम परिपत्र गरिदिनुहुन साथै किताबखानामा दर्ता नभएका कार्यालय (योजना/आयोजना)हरूको हकमा सम्बन्धित तालुक विभाग/मन्त्रालयबाटै E-pension सेवा सञ्चालन गर्ने व्यवस्था मिलाइदिनुहुन समेत अनुरोध छ।

<u>तपसिल</u>

१. सबै मन्त्रालय तथा मातहतका निकायहरू
२. गृह मन्त्रालय मार्फत् सबै जिल्ला प्रशासन कार्यालयहरू
३. सबै प्रदेश तथा स्थानीय तहहरू
४. महालेखा नियन्त्रक कार्यालय मार्फत् सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरू

2082/06/26

.....
(आरती न्यौपाने)
महानिर्देशक

पुनश्चः E-pension सेवा लिने कर्मचारीको PIS विवरण अनिवार्य रूपमा अद्यावधिक (Update) गराउन समेत परिपत्रमार्फत जानकारी गराइदिनुहुन अनुरोध छ।